## मुख्य समाचार

- **राष्ट्रपतिले गर्नुभयो दुई दिवसीय राज्यपालहरुको सम्मेलनको उद्घाटन-**
- **सम्मेलनले केन्द्र र राज्यको सम्बन्धलाई अझ बलियो पार्ने राष्ट्रपतिको भनाई**
- **प्रधानमन्त्रीले भोलि नयाँ दिल्लीमा कृषि अर्थशास्त्रीहरूको अन्तर्राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्नुहुने; सम्मेलनमा लगभग पच्यातर देश सहभागी हुने**
- **NEET-UG परीक्षामाथि सर्वोच्च अदालतको टिप्पणीले केन्द्र सरकारको अडानलाई पुष्टि गरेको केन्द्रीय शिक्षामन्त्रीको भना□**
- **पीएम केयर फर चिल्ड्रेन योजना अन्तर्गत चार हजार 5 सय 32 बालबालिका लाभान्वित**
- **पेरिस ओलम्पिकमा अस्ट्रेलिया विरुद्धको जीतपछि भारतीय पुरुष हक्की टोली पुग्यो समुह बीको दोस्रो स्थानमा**

### राष्ट्रपतिले गर्नुभयो दुई दिवसीय राज्यपालहरुको सम्मेलनको उद्घाटन- सम्मेलनले केन्द्र र राज्यको सम्बन्धलाई आकार दिने राष्ट्रपतिको भनाई

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आज राष्ट्रपति भवनमा दुई दिवसीय राज्यपालहरुको सम्मेलनको उद्घाटन गर्नुभयो। सम्मेलनमा केन्द्र र राज्यको सम्बन्धलाई आकार दिन र आम जनतामा कल्याणकारी योजनाहरू विस्तार गर्न महत्त्वपूर्ण भूमिका खेल्ने धेरै मुद्दाहरूमा छलफल गरिने छ। राष्ट्रपतिले सम्मेलनको एजेण्डा, राष्ट्रिय लक्ष्य प्राप्तिका लागि महत्वपूर्ण रहेका विषयलाई ध्यानपूर्वक चयन गरिएको बताउनु भएको छ। उहाले

यस बैठकको छलफल सबै सहभागीका लागि समृद्ध अनुभव हुने र आफ्नो कार्यसम्पादनलाई अझ राम्रोसँग सञ्चालन गर्न मद्दत गर्ने पनि थप बताउनु भयो।

राष्ट्रपतिले देशमा तीन नयाँ कानुन लागु भएसँगै न्याय प्रणालीको नयाँ युग सुरु भएको कुरामाथि जोड दिँदै भारतीय न्याय संहिता, भारतीय नागरिक सुरक्षा संहिता र भारतीय साक्ष्य अधिनियमका नामहरूबाट मानिसहरूको सोचमा परिवर्तन देखिने बताउनु भयो। उहाँले जलवायु परिवर्तन र ग्लोबल वार्मिङ जस्ता चुनौतीसँग जुध्न धेरै प्रयास भइरहेको बताउनुभयो। सम्मेलनलाई सम्बोधन गर्दै उपराष्ट्रपति श्री जगदीप धनखरले विगत एक दशकमा भएका सामाजिक कल्याणकारी योजना र अतुलनीय विकासका बारेमा जनतालाई सचेत गराउने संवैधानिक दायित्व निर्वाह गर्न आग्रह गर्नुभयो।

प्रधानमन्त्री श्री नरेन्द्र मोदीलेपनि आफ्नो सम्बोधनमा राज्यपालहरूलाई केन्द्र र राज्य बीचको प्रभावकारी पुलको भूमिका निर्वाहा गर्न र योजनाहरूबाट वञ्चित भएकाहरूलाई मद्दत गर्न सार्वजनिक र सामाजिक संस्थाहरूसँग अन्तरक्रिया गर्न आग्रह गर्नुभयो। उहाले संविधानको परिधिभित्र रहेर राज्य र विशेषगरी जनजाति क्षेत्रका जनताको हितमा राज्यपाल पदमा रहेर महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने बताउनु भयो।

## प्रधानमन्त्रीले भोलि नयाँ दिल्लीमा कृषि अर्थशास्त्रीहरूको अन्तर्राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्नुहुने; सम्मेलनमा लगभग पच्यातर देश सहभागी हुने

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भोलि नयाँ दिल्लीमा कृषि अर्थशास्त्रीहरूको 32 औं अन्तर्राष्ट्रिय सम्मेलन - ICAE लाई सम्बोधन गर्नुहुने छ। यस वर्षको सम्मेलनको नारा दिगो कृषि - खाद्य प्रणालीतर्फ परिवर्तन रहेको छ।

इन्टरनेशनल एसोसिएसन अफ एग्रिकल्चरल इकोनोमिस्टको अध्यक्षतामा आजदेखि सुरु भएको त्रैवार्षिक सम्मेलन 7 अगस्टमा समापन हुनेछ। यो सम्मेलन 65 वर्षपछि भारतमा आयोजना हुन लागेको हो।

कार्यक्रमले जलवायु परिवर्तन, प्राकृतिक स्रोतको ह्रास, बढ्दो उत्पादनको लागत र संघर्ष जस्ता विश्वव्यापी चुनौतीहरूको सामना गर्दै दिगो कृषिसँग सम्बन्धित चुनौतीहरूलाई सम्बोधन गर्ने लक्ष्य राखेको छ। सम्मेलनले विश्वव्यापी कृषि चुनौतिहरूमा भारतको सक्रिय दृष्टिकोण प्रस्तुत गर्नेछ र कृषि अनुसन्धान र नीतिमा देशको प्रगति प्रदर्शन गर्नेछ।

यो अन्तर्राष्ट्रिय सम्मेलनले युवा अनुसन्धानकर्ताहरू र अग्रणी पेशेवरहरूलाई आफ्नो काम ,विश्वव्यापी सहकर्मीहरूसँग नेटवर्क फैलाउने सहयोगको लागि एक मंचको रूपमा काम गर्नेछ। यसले अनुसन्धान संस्थाहरू र विश्वविद्यालयहरू बीचको साझेदारीलाई सुदृढ पार्ने, राष्ट्रिय र विश्वव्यापी स्तरमा नीति निर्माणलाई प्रभाव पार्ने र डिजिटल कृषि र दिगो कृषि-खाद्य प्रणालीमा भएको प्रगति सहित भारतको कृषि प्रगति प्रदर्शन गर्ने लक्ष्य राखेको छ। सम्मेलनमा पच्यातर देशका लगभग एक हजार प्रतिनिधि सहभागी हुनेछन्।

## NEET-UG परीक्षामाथि सर्वोच्च अदालतको टिप्पणीले केन्द्र सरकारको अडानलाई पुष्टि गरेको केन्द्रीय शिक्षामन्त्रीको भना□

केन्द्रीय शिक्षामन्त्री श्री धर्मेन्द्र प्रधानले **NEET** परीक्षामा प्रणालीगत अखण्डताको उल्लङ्घन नभएको भन्दै सर्वोच्च अदालतको पर्यवेक्षणले पुनः परीक्षा नगर्नुपर्ने बताएको कुराले सरकारको अडानलाई पुष्टी गर्ने बताउनुभएको छ। सामाजिक सञ्जालमा पोस्ट गर्दै प्रधानले छेडछाडरहित, पारदर्शी र शून्य त्रुटिरहित परीक्षा प्रणालीका लागि सरकार

प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले विज्ञहरूको उच्चस्तरीय समितिका सुझावहरू पेश भइसकेपछि चाँडोभन्दा चाँडो सरकारले कार्यान्वयन गर्ने सुनिश्चितता गर्ने बताउनुभयो।

उक्त निष्कर्ष र फैसलाले अहिले फैलिरहेको दुष्प्रचारको खण्डन गरेको मन्त्रीले बताउनुभयो। उहाँले न्याय दिएको र लाखौं मेहनती विद्यार्थीको हितको रक्षा गरेकोमा सर्वोच्च अदालतलाई धन्यवाद दिनुभयो। श्री प्रधानले सर्वोच्च अदालतको फैसलालाई सरकारले अक्षरशः कार्यान्वयन गर्ने पनि बताउनुभयो।

परीक्षालाई रद्द गर्ने किसिमको प्रश्नपत्रहरू कुनै प्रणालीगत लिक नभएको शुक्रबार सर्वोच्च अदालतले बताएको छ।

**पीएम केयर फर चिल्ड्रेन योजना अन्तर्गत चार हजार 5 सय 32 बालबालिका लाभान्वित**

पीएम केयर फर चिल्ड्रेन योजना अन्तर्गत चार हजार 5 सय 32 बालबालिका लाभान्वित भएका छन् । यस योजनाको उद्देश्य कोभिड-19 महामारीमा बाबुआमाको मृत्यु भएका बालबालिकाको सुरक्षा सुनिश्चित गर्नु हो। आज लोकसभामा लिखित जवाफमा महिला तथा बाल विकास मन्त्री श्रीमती अन्नपूर्णा देवीले यस योजना अन्तर्गत महाराष्ट्रका 8 सय 55, उत्तर प्रदेशका 4 सय सडसठ र मध्य प्रदेशका 4 सय 33 बालबालिका लाभान्वित भएको बताउनुभएको छ।

**पेरिस ओलम्पिकमा अस्ट्रेलिया विरुद्धको जीतपछि भारतीय पुरुष हक्की टोली पुग्यो समुह बीको दोस्रो स्थानमा**

पेरिस ओलम्पिक 2024-को सातौँ दिन भारतका धनुर्धर अंकिता भकट र धीरज बोम्मादेवराले इन्डोनेसियालाई 5-1 को अन्तरले पराजित गर्दै मिक्स टिम इभेन्टको क्वाटरफाइनलमा प्रवेश गरेका छन्। सुटिङमा मनु भाकेर महिला 25 मिटर पेस्तोलको फाइनलमा पुगेकी छन्। उनी छनोट चरणमा दोस्रो भएकी थिइन्।

पुरुष स्कीटमा अनन्तजीत सिंह नारुकाले पनि चुनौती प्रस्तुत गरिरहेका छन्।

पुरुष हक्की समूह बीको तेस्रो क्वार्टरपछि शुक्रबार भएको अन्तिम खेलमा अस्ट्रेलिया विरुद्ध भारतले 3-2 ले जीत हासिल गरेको छ। भारतका लागि अभिषेकले 1 र हरमनप्रित सिंहले 2 गोल गरेका छन्। यो खेल भारतका लागि महत्वपूर्ण थियो। 5 खेलमा 10 अंक प्राप्त गरेर भारत समूह बी मा दोस्रो स्थानमा पुगेको छ।

लक्ष्य सेनले आज राति ब्याडमिन्टनको पुरुष सिंगल्सको क्वार्टरफाइनलमा खेलाडीसँग प्रतिस्पर्धा गर्नेछन्।

आर्चरीको मिक्स टिम इभेन्टमा धीरज बोम्मादेवरा र अंकिता भकटको जोडीले इन्डोनेसियाका खेलाडीको सामना गर्नेछन्। गगनजीत भुल्लर र शुभंकर शर्माले गल्फमा चुनौती प्रस्तुत गरिरहेका छन्। जुडोमा तुलिका मान अठातर केजीभन्दा बढी तौल समूहमा राउण्ड अफ 32 मा हारेर बाहिरिएकी छन्।

रोइङमा पुरुष एकल स्कल्स बलराज पवारले फाइनल डीमा पाँचौं स्थानमा रहेर 23औँ स्थानमा आफ्नो अभियान समाप्त गरेका छन्। एथलेटिक्समा पारुल चौधरीले महिला 5

हजार मिटर छनोट राउण्डमा राति 9:30 बजेदेखि प्रतिस्पर्धा गर्नेछन् भने तेजेन्द्र पाल सिंह तूरले पनि आज राति सटपुटमा छनोट चरणमा प्रतिस्पर्धा गर्नेछन् ।।

**मुख्य समाचार**

- **राष्ट्रपतिले गर्नुभयो दुई दिवसीय राज्यपालहरुको सम्मेलनको उद्घाटन-**
- **सम्मेलनले केन्द्र र राज्यको सम्बन्धलाई अझ बलियो पार्ने राष्ट्रपतिको भनाई**
- **प्रधानमन्त्रीले भोलि नयाँ दिल्लीमा कृषि अर्थशास्त्रीहरूको अन्तर्राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्नुहुने; सम्मेलनमा लगभग पच्यातर देश सहभागी हुने**
- **NEET-UG परीक्षामाथि सर्वोच्च अदालतको टिप्पणीले केन्द्र सरकारको अडानलाई पुष्टि गरेको केन्द्रीय शिक्षामन्त्रीको भना□**
- **पीएम केयर फर चिल्ड्रेन योजना अन्तर्गत चार हजार 5 सय 32 बालबालिका लाभान्वित**
- **पेरिस ओलम्पिकमा अस्ट्रेलिया विरुद्धको जीतपछि भारतीय पुरुष हक्की टोली पुग्यो समुह बीको दोस्रो स्थानमा**